उदयपुर जिल्ला अदालत
गाईघाट, त्रोक्से
☎ ०३५-४२०१९४
Email : info.dcudayapur@supremecourt.gov.np

सुचना प्रकाशित मिति- २०७७/९/१७

## समाजसेवी तथा बाल मनोविज्ञ वा बाल विशेषज्ञको सुचिकृत सम्बन्धी सुचना।

प्रस्तुत विषयमा वाल न्याय सम्बन्धी कार्य तथा सेवा प्रवाह गर्नका लागि बालबालिका सम्बन्धी ऐन. २०७४ को दफा ६२ को उपदफा (१) बमोजिम समाज सेवी तथा बाल मनोविज्ञ वा बाल विशेषज्ञको नामावली सूचिकृत गर्ने प्रयोजनार्थ बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम १३ ले समाजसेवी र नियम १४ ले वाल मनोविज्ञ वा बाल विशेषज्ञको योग्यता सम्बन्धी विषयलाई मध्यनजर गरी समाज सेवी तथा वाल मनोविज्ञ वा बाल विशेषज्ञको रोस्टर खडा गर्नु पर्ने भएकोले देहायको योग्यता पुगेका व्यक्तिले आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र १ प्रति फोटो समेत संलग्न गरी यो सुचना प्रकाशित भएको मिति ३० दिन भित्र यस अदालतमा दरखास्त दिनको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

योग्यता:

१.बाल मनोविज्ञ वा बाल विशेषज्ञ:

-मान्यता प्राप्त विश्वविद्यालयबाट मनोविज्ञान विषय कम्तीमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरेको वा,

- मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै पनि विषयमा कम्तीमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरी बाल अधिकार वा बाल मनोविज्ञानका सम्बन्धमा कम्तीमा २ महिनाको तालीम प्राप्त गरेको र

-फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको।

२.समाजसेवी:

-मान्यता प्राप्त विश्वविद्यालयबाट सामजिक कार्य, बालबिकास वा वाल अधिकारको विषय लिई कम्तीमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरेको वा,

-मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै पनि विषयमा कम्तीमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरी बाल अधिकार वा समाजसेवा सम्बन्धमा कम्तीमा १ महिनाको तालीमा प्राप्त गरेको र

-फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको।

(शाखा अधिकृत)